सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बड्डाँडा,प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.सः २०७९।०८०

च.न. १८२

मितिः २०७९/५/८

श्री सबै शाखा प्रमुखहरु,
सरुमारानी गाउँपालिका, प्यूठान ।
श्री वडा कार्यालयहरु सबै
सरुमारानी गाउँपालिका, प्यूठान ।

**बिषयः निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०७९/५/५ गते बसेको बैठकको निर्णय प्रति आवश्यक कार्यान्वयन तथा जानकारीको लागी यसै पत्र साथ संलग्न राखी पठाईएको ब्यहवरा अनुरोध छ ।

..................
चिन्तामणि रेग्मी
प्रमुख प्रशासकिय अधिक

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकिय अधिकृत

खग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

## गाउँकार्यपालिकाको मिति २०७९/०५/०५ गतेका बैठकका प्रस्तावहरु

१. गत बैठकको समिक्षा सम्बन्धमा ।

२. उपभोक्ता समिति गठन सम्बन्धमा ।

३. फुस/खरको छाना भएका घरको डाटा संकलन सम्बन्धमा ।

४. अनाथ वालवालिका अनुमोदन सम्बन्धमा ।

५. स्वास्थ्य सेवाका कर्मचारी भर्ना सम्बन्धमा ।

६. पोषण स्वंयसेवकको त.भ. तथा नगर प्रहरीको राशन सुविधा थप सम्बन्धमा ।

७. विपद ब्यबस्थापन समिति पुर्नगठन सम्बन्धमा ।

८. विद्यालय कक्षा थप अनुमति सम्बन्धमा ।

९. अध्यक्ष र उपाध्यक्षको निजि सचिव सम्बन्धमा ।

१०. ढुङ्गा गिट्टि वालुवाको IEE को कार्यसूची स्वीकृत सम्बन्धमा ।

११. भुउपयोग निति अन्तरगत जग्गाको बर्गीकरण सम्बन्धमा ।

१२. विपद प्रतिकार्य योजना र राजश्व सुधार योजना तयार गर्ने सम्बन्धमा ।

१३. ग बर्गका अपाङ्गता भएका ब्यक्ति तथा अनाथ वालवालिकाको भत्ता बैक मार्फत भुक्तानी गर्ने सम्बन्धमा ।

१४. २०७९/०५/०२ गतेको शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

१५. नागरिक आरोग्य केन्द्र स्थापना माग सम्बन्धमा ।

१६. विविध सम्बन्धमा ।

- मासिक आयुर्वेदिक स्वास्थ्य क्लिनिक संचालन गर्ने सम्बन्धमा ।
- नवौ राष्ट्रिय खेलकुद सहयोग सम्बन्धमा ।
- निजामति कर्मचारी पुरस्कार सम्बन्धमा ।
- संचार खर्च सुविधा सम्बन्धमा ।
- योजनाको नाम संशोधन सम्बन्धमा ।
- तिज विदा सम्बन्धमा ।
- योजनाको म्याद थप सम्बन्धमा ।

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकिय अधिकृत

खग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

CamScanner

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकिय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा प्युठान
लुम्बिनी प्रदेश नेपाल
२०७३

झगा बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

## बैठक संख्या-७

## गाउँकार्यपालिकाको सातौ बैठकका निर्णयहरु-२०७९/०५/०५

**निर्णय न. १ गत बैठकको समिक्षा सम्बन्धमा ।**

यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०७९/४/६ गतेको बैठकमा भएका निर्णय मध्ये वार्षिक समिक्षा कार्यक्रम बाहेक अन्य सबै निर्णयहरु कार्यान्वयन भएको/प्रकृयामा गएको विषय जानकारी भयो ।

**निर्णय न. २ उपभोक्ता समिति गठन सम्बन्धमा ।**

यस गाउँपालिकाको चालु आ.ब.२०७९/०८० को बार्षिक कार्यक्रम अन्तर्गत पूर्वाधारजन्य योजनाहरु संचालनको लागी सबै वडाहरुले २०७९ भाद्र मसान्त सम्म उपभोक्ता समितिहरु गठन गरी सोको जानकारी यस कार्यालयमा पठाउने निर्णय गरियो ।

**निर्णय न. ३ फुस/खरको छाना भएका घरको डाटा संकलन सम्बन्धमा ।**

यस गाउँपालिका अन्तर्गत फुस/खरको छाना भएका घरहरुको तथ्यांकका साथै आवश्यक टिन/जस्ताको साईज उल्लेख हुने गरी आवश्यक विवरण यथाशिघ्र संकलन गरी यस कार्यालयमा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय न. ४ अनाथ/असहाय वालवालिका अनुमोदन सम्बन्धमा ।**

यस सरुमारानी गाउँपालिकाका विभिन्न वडाहरुबाट अनाथ/असहाय बालवालिकाहरुमा समावेश गरी गाउँपालिकाबाट प्रदान गरिने  अनाथ वालवालिका सहायता कार्यक्रममा समावेश गर्नको लागी माग भई आएकोले तपशिलका बालबालिकालाई उक्त कार्यक्रममा समावेश गरी परिचयपत्र र सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

| सि.न. | अनाथ/असाहय बालवालिकाको नाम | बाबुको नामथर | ठेगना | कारण | संरक्षक |
|---|---|---|---|---|---|
| १ | अनिता थापा मगर | श्याम बहादुर थापा | सरुमारानी-३ ढाव | बुवा आमा दुबैको मृत्यू | टोमलाल फेवालि |
| २ | राजेश राना | लेटर बहादुर राना | सरुमारानी-३ चाभा | बुवा आमा दुबैको मृत्यू | जिमकली मर्साङ्गी |

...मणि रेग्मी
...य अधिकृत

...विश्वकर्मा

भग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | विकास पुन | भिम बहादुर पुन | सरुमारानी-२ गनाहा | बुवा वेपत्ता, आमा अन्यत्र विवाह गरी गएको | चेङ्ग्री देवी- मावली आमा |
| ४ | विसाल पुन | भिम बहादुर पुन | सरुमारानी-२ गनाहा | बुवा वेपत्ता, आमा अन्यत्र विवाह गरी गएको | चेङ्ग्री देवी- मावली आमा |

**निर्णय न. ५ स्वास्थ्य सेवाका कर्मचारी भर्ना सम्बन्धमा ।**

यस गाउँपालिकाका यस आ.ब. २०७९/०८० देखी थप गरिएको स्वास्थ्य संस्थामा करार सेवाका निम्न दरबन्दी/पद संख्या स्वीकृत गरी रिक्त रहेका पद/दरवन्दीहरु करार सेवामा नियुक्तिको लागी प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

तपशिल

| सि.न. | स्वास्थ्य संस्थाको नाम | दरबन्दी/पद र संख्या | पदपुर्ती दरवन्दी/पद संख्या | सेवा सुविधा |
|---|---|---|---|---|
| १ | बांगेशाल स्वास्थ्य चौकी वडा न. १ | एम.वि.वि.एस डाक्टर- अधिकृत आठौं तह-१ | एम.वि.वि.एस डाक्टर- अधिकृत आठौं तह-१ | नेपाल सरकारले तोकेको आठौं तहको तलव स्केल र Non-Practice भत्ता तलब को १०० प्रतिशत |
| २ | सामुदायिक स्वास्थ्य ईकाई भिगृखोला वडा न. ६ | अ.हे.ब.- सहायक स्तर चौथो-१<br>अ.न.मी- सहायक स्तर चौथो-१<br>कार्यालय सहयोगी- श्रेणी विहिन-१ | अ.हे.ब.- सहायक स्तर चौथो-१<br>कार्यालय सहयोगी- श्रेणी विहिन-१ | मासिक त.भ. सहायक स्तर चौथो रु. २२०००/-<br>र श्रेणी विहिन मासिक रु. १२,७६०/-<br>अन्य सुविधा गा.पा.को नियमानुसार |
| ३ | सामुदायिक स्वास्थ्य ईकाई सिरुवारी वडा न. ४ | अ.हे.ब.- सहायक स्तर चौथो-१<br>अ.न.मी- सहायक स्तर चौथो-१<br>कार्यालय सहयोगी- श्रेणी विहिन-१ | अ.हे.ब.- सहायक स्तर चौथो-१<br>कार्यालय सहयोगी- श्रेणी विहिन-१ | मासिक त.भ. सहायक स्तर चौथो रु. २२०००/-<br>र श्रेणी विहिन मासिक रु. १२,७६०/-<br>अन्य सुविधा गा.पा.को नियमानुसार |

CamScanner

प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

साथै यस गाउँपालिका अन्तर्गत तपशिलका स्वास्थ्य संस्थामा रिक्त रहेका निम्न पदहरुमा करार सेवामा पदपुर्ती गर्ने निर्णय गरियो ।

| सि.न. | स्वास्थ्य संस्थाको नाम | दरबन्दी/पद र संख्या | दरबन्दी/पद र संख्या | सेवा सुविधा |
|---|---|---|---|---|
| १ | आधारभुत स्वास्थ्य सेवा केन्द्र वड्डाडा वडा न. ४ | | अ.हे.ब.- सहायक स्तर चौथो-१<br>अ.न.मी- सहायक स्तर चौथो-२ | मासिक त.भ.रु. २२०००/-<br>मासिक त.भ.रु. २२०००/-<br>अन्य सुविधा गा.पा.को नियमानुसार |
| २ | आधारभुत स्वास्थ्य सेवा केन्द्र ददेरी वडा न. २ | अ.न.मी- सहायक स्तर चौथो-१ | अ.न.मी- सहायक स्तर चौथो-१ | मासिक त.भ.रु. २२०००/-<br>अन्य सुविधा गा.पा.को नियमानुसार |

**निर्णय न.६ पोषण स्वंयसेवकको त.भ.तथा नगर प्रहरीको राशन सुविधा थप सम्बन्धमा ।**

यस सरुमारानी गाउँपालिकामा बहुक्षेत्रीय पोषण कार्यक्रममा कार्यरत पोषण स्वयंसेवक श्री शंकर आचार्यको कार्यसम्पादन सन्तोषजनक रहेको र यस कार्यालयको अन्य थप काम समेत गरिरहनु भएकोले निजले हाल खाईपाई तलब भत्ता सुविधामा २०७९ श्रावण महिना देखी नै मासिक थप रु ६,०००/- थप रकम उपलब्ध गराउने साथै यस सरुमारानी गाउँपालिकामा कार्यरत नगर प्रहरीको मासिक राशन भत्ता महंगीको आधारमा न्यून भएकोले २०७९ श्रावण महिना देखी थप रु.१,२५०/- थप गरी ३,५००/- उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय न. ७ विपद ब्यबस्थापन समिति पुर्नगठन सम्बन्धमा ।**

यस सरुमारानी गाउँपालिकाको विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७५ बमोजिम तपशिल बमोजिमको गाउँपालिका स्तरीय विपद व्यवस्थापन समिति पुर्नगठन गर्ने निर्णय गरियो ।

तपशिल

१. गाउँपालिका अध्यक्ष श्री झगबहादुर विश्वकर्मा -संयोजक
२. गाउँपालिका उपाध्यक्ष श्री बसन्ता खड्का -सदस्य
३. प्रमुख प्रशासकीय अधिकृत -सदस्य
४. विषयगत समितिका संयोजकहरु
    १. पुर्वाधार विकास समिति संयोजक श्री चिन्त बहादुर सोमैमगर -सदस्य
    २. सामाजिक विकास समिति संयोजक श्री भिम बहादुर मर्साङ्गी -सदस्य
    ३. आर्थिक विकास समिति संयोजक श्री मोहम्मद हलिम हलुवाई -सदस्य

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकिय अधिकृत

सरुमारानी गाउँ कार्यपालिकाको कार्यालय बड्डाडा प्युठान लुम्बिनी प्रदेश नेपाल २०७३

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

४. वन तथा वातावरण समिति संयोजक श्री पुर्ख सिंह सुनार -सदस्य
५. प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय -सदस्य
६. सामाजिक शाखा प्रमुख -सदस्य
७. पूर्वाधार विकास शाखा प्रमुख -सदस्य
८. सरुमारानी गाउँपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका संघीय सुरक्षा निकायका प्रमुख वा प्रतिनिधि -सदस्य
९. सरुमारानी गाउँपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका प्रदेश प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि -सदस्य
१०. नगर प्रहरी प्रमुख -सदस्य
११. राष्ट्रिय मान्यता प्राप्त दलका गाउँपालिका प्रमुख वा प्रतिनिधि -सदस्य
१२. नेपाल रेडक्रस सोसाईटीका बांगेशाल उपशाखाकोप्रतिनिधि -सदस्य
१३. निजी क्षेत्रको उद्योग वाणिज्य संघको बड्डाडा वजार केन्द्रको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि (१ जना) -सदस्य
१४. गैर सरकारी सस्था महासंघकाका स्थानीय प्रतिनिधि (१ जना) -सदस्य
१५. नेपाल पत्रकार महासंघको स्थानीय प्रतिनिधि (१ जना) -सदस्य
१६. विपद् व्यवस्थापन हेर्ने गरि तोकिएको शाखा प्रमुख -सदस्य सचिव

## निर्णय न. ८ विद्यालय कक्षा थप अनुमति सम्बन्धमा ।

- सरस्वती माध्यमिक विद्यालय बाङ्गेसालमा शैक्षिक सत्र २०७६ देखि शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट बालिविज्ञान (कक्षा ९-१२) सञ्चालनको अनुमित पाएको र कक्षा १०,११ र १२ स्थानीय तहबाट अनुमति दिने प्रावधान भए अनुसार शैक्षिक सत्र २०७९ देखि कक्षा १२ सञ्चालनको अनुमति माग गरेकाले शिक्षा शाखाले गरेको अनुगमन तथा सिफारिसका आधारमा उक्त विद्यालयलाई बालिविज्ञान विषयमा कक्षा १२ सञ्चालन अनुमति दिने निर्णय गरियो।

## निर्णय न. ९ अध्यक्ष र उपाध्यक्षको निजि सचिव सम्बन्धमा ।

सार्वजिनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्यिता सम्बन्धी निर्देशिका २०७७" को दफा १९(१) मा निजी सचिवालय सम्बन्धी व्यवस्था रहेको र अध्यक्ष/उपाध्यक्षको निजी सचिवालयमा सहयोगी कर्मचारी/निजि सचिवको व्यवस्थापन गर्न सकिने ब्यबस्था अनुसार यस गाउँपालिकाको अध्यक्षको निजि सचिव/सहयोगी कर्मचारीको रुपमा यस सरुमारानी गाउँपालिका वडा न. २ का श्री शान्तराज

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकिय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकिय अधिकृत

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बड्डाडा, प्युठान लुम्बिनी प्रदेश, नेपाल २०७३

झगा बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

आचार्यलाई करार सेवामा नियुक्ति दिई निजलाई मासिक रु.२४०००/- र यस गाउँपालिकाको उपाध्यक्षको निजि सचिव/सहयोगी कर्मचारीको रुपमा यस सरुमारानी गाउँपालिका वडा न. १ का श्री पार्वती मल्ल जि.सीलाई करार सेवामा नियुक्ति दिई निजलाई मासिक रु.२२०००/- सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय न. १० ढुङ्गा, गिट्टि, वालुवाको IEE को कार्यसूची स्वीकृत सम्बन्धमा ।**

यस सरुमारानी गाउँपालिकाको राप्ती नदिका विभिन्न घाटहरुबाट दिगो र वातावरणमैत्री रुपले ढुंगा, गिट्टी तथा वालुवा (नदि जन्य पदार्थ) उत्खनन तथा संकलन कार्यका लागी प्रारम्भिक वातावरणीय परिक्षण (IEE ) प्रतवेदनको कार्यसूची (TOR) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय न. ११ भुउपयोग निति अन्तरगत जग्गाको बर्गीकरण सम्बन्धमा ।**

नेपाल सरकारको भु-उपयोग निति अनुसार यस गाउँपालिकाका जग्गाहरुको बर्गिकरण गर्नु पर्ने भएकोले सबै वडाहरुमा यो विषयमा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने र यस गाउँपालिकाको भुउपयोग नितिका आधारमा जग्गाहरुको बर्गिकरण कार्यलाई अन्तिम रुप दिसबै वडाहरुले छलफल तथा सुझाव संकलनको कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय न. १२ विपद प्रतिकार्य योजना र राजश्व सुधार योजना तयार गर्ने सम्बन्धमा ।**

यस सरुमारानी गाउँपालिकाको विपद प्रतिकार्य योजना र राजश्व सुधार योजना तयार गरी कार्यान्वयन गर्न आवश्यक रहेकोले उक्त कार्य अगाडी बढाउने र बजेट व्यबस्थापन सम्बन्धमा पुजीगत अनुसन्धान तथा परामर्श शिर्षकबाट विपद प्रतिकार्य योजनाको लागी रु. ६,००,०००/- र राजश्व अध्ययन तथा सुधार कार्ययोजना निर्माणको लागी रु. ५,००,०००/- बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय न. १३ ग बर्गका अपाङ्गता भएका ब्यक्ति तथा अनाथ वालवालिकाको भत्ता बैक मार्फत भुक्तानी गर्ने सम्बन्धमा ।**

यस गाउँपालिकाबाट ग बर्गका अपाङ्गता भएका ब्यक्ति र अनाथ बालबालिकालाई प्रदान गर्दै आएको भत्ता प्राप्त गर्ने लाभग्राहीहरु मध्ये वडा न १ र २ का लाभग्राहिहरुको ज्योति विकास बैक दर्भान र वडा न. ३, ४, ५ र ६ का लाभ ग्राहिहरुको प्राईम कमर्शियल बैक बड्डाडा शाखामा बैक खाता

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकिय अधिकृत

...र विश्वकर्मा
...ध्यक्ष

CamScanner

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकिय अधिकृत

खड्ग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

खोल्न लगाउने र चालु आ.ब. देखी दुबै प्रकारका सुविधाहरु बैंक मार्फत भुक्तानी ब्यबस्था गर्ने निर्णय गरियो ।

**निर्णय न. १४ मिति २०७९/०५/०२ गतेको शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।**

यस सरुमारानी गाउँपालिका स्तरीय शिक्षा समितिको मिति २०७९/०५/०२ गतेको तपशिलका निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

निर्णय नं.१ शैक्षिक गतिविधिको समीक्षा तथा गुणस्तर सुधार सम्बन्धमा।

सरुमारानी गाउँपालिका अन्तर्गतका विद्यालयहरूमा भइरहेको शिक्षण सिकाइका गतिविधि सम्बन्धमा समीक्षा तथा छलफल गरियो। विगतका शैक्षिकसत्रहरुमा COVID 19 का कारण पठन पाठनका क्रियाकलाप पूर्णरूपमा सञ्चालन हुन नसकेको कारण सिकाइ उपलब्धि उत्कृष्ट हुन नसकेकोले यस शैक्षिक सत्रदेखि शैक्षिक गुणस्तरसुधारका लागि तपसिलका कार्य गर्ने निर्णय गरियो :

- शिक्षा समिति, कार्यपालिका सदस्य, विद्यालय व्यवस्थापन समितका अध्यक्ष, प्रधानाध्यापक लगायतका व्यक्तिहरूको उपस्थितिमा शिक्षा सम्बन्धी विशेषज्ञ सहितको कार्यशाला गर्ने।
- शिक्षा समिति तथा कार्यालयबाट विद्यालय अनुगमन सुपरिवेक्षण गर्ने,वडास्तरमा गठन भएका वडा शिक्षा समिति पुनर्गठन गरी वडाभित्रका विद्यालयहरू अनुगमन,सुपरीवेक्षण र पृष्ठपोषण दिने।

२.राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका प्रस्तावनाहरू प्रथमिकीकरण गर्ने सम्बन्धमा।

संघीय सरकारको सशर्त अनुदान अन्तर्गतको राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका प्रस्तावनाहरू विद्यालयहरूबाट पेस भएकाले सोको प्रथमिकीकरण विद्यालयको आवश्यकता,विद्यार्थी संख्या र विगतमा यस किसिमका कार्यक्रमहरू प्रास भएका आधारमा तपसिल अनुसार गर्ने निर्णय गरियो:

क) भवन

| क्र.सं. | विद्यालयको नाम | प्रस्तावित कार्यक्रम | प्राथमिकताक्रम | कैफियत |
|---|---|---|---|---|
| १ | सरस्वती माध्यमिक विद्यालय सरुमारानी-३,चाभा | ४ कोठे भवन | १ | |
| २ | खड्गेश्वरी माध्यमिक विद्यालय सरुमारानी-२, दर्भान | ४ कोठे भवन | २ | |
| ३ | नेपाल राष्ट्रिय आधारभूत विद्यालय सरुमारानी-३,हंसपुर | ४ कोठे भवन | ३ | |
| ४ | खड्ग ने.रा.प्रा. वि. सरुमारानी-१,झिलिबाङ | ४ कोठे भवन | ४ | |
| ५ | ने.रा.प्रा.वि. सरुमारानी-५, पाखापानी | ४ कोठे भवन | ५ | |

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकिय अधिकृत

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकिय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

खड्ग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

ख ) ICT ल्याब व्यवस्थापन तथा विद्यालय Digital library व्यवस्थापन

| क्र.सं | विद्यालयको नाम | प्रस्तावित कार्यक्रम / ICT ल्याब व्यवस्थापन तथा विद्यालय Digital library व्यवस्थापन | प्राथमिक ताक्रम | कैफियत |
|---|---|---|---|---|
| १ | **सरस्वती माध्यमिक विद्यालय सरुमारानी-3,चाभा** | ICT ल्याब व्यवस्थापन तथा विद्यालय Digital library व्यवस्थापन | १ | |
| २ | **नेपाल राष्ट्रिय आधारभूत विद्यालय सरुमारानी-3,हंसपुर** | ICT ल्याब व्यवस्थापन तथा विद्यालय Digital library व्यवस्थापन | २ | |
| ३ | **श्रमरानी मा.वि.बुढिचौर** | ICT ल्याब व्यवस्थापन तथा विद्यालय Digital library व्यवस्थापन | ३ | |
| ४ | **खड्ग ने.रा.प्रा. वि. सरुमारानी-1,झिलिबाङ** | ICT ल्याब व्यवस्थापन तथा विद्यालय Digital library व्यवस्थापन | ४ | |
| ५ | **ने.रा.प्रा.वि. सरुमारानी-5, पाखापानी** | ICT ल्याब व्यवस्थापन तथा विद्यालय Digital library व्यवस्थापन | ५ | |
| ६ | **खड्गेश्वरी माध्यमिक विद्यालय सरुमारानी-2, दर्भान** | ICT ल्याब व्यवस्थापन तथा विद्यालय Digital library व्यवस्थापन | ६ | |

निर्णय नं. ३ स्थानीय पाठ्यपुस्तक लेखन समिति सम्बन्धमा ।

सरुमारानी गाउँपालिकाको स्थानीय पाठ्यक्रम २०७८ निर्माण भई कार्यान्वयनमा आइसकेको अवस्थामा स्थानीय पाठ्यपुस्तक लेखनका लागि देहायको पाठ्यपुस्तक लेखन समिति गठन गर्ने निर्णय गरियो :

| | |
|---|---|
| पुष्पलाल शाही | संयोजक |
| टोपाराम पोखेल | सदस्य (शिक्षक सरस्वती मा.वि.वाङ्गेसाल) |
| ऋषिराम आचार्य | सदस्य (शिक्षक सरस्वती मा.वि.वाङ्गेसाल) |
| लोकमाया जि.सी. | सदस्य (शिक्षक सरस्वती मा.वि.चाभा) |
| रविलाल विश्वकर्मा | सदस्य (शिक्षक बालकल्लाण प्रा.वि.सजिकोट) |
| शिव घिमिरे | सदस्य(शिक्षक सत्य मा.वि.ददेरी) |
| यमराज खनाल | सदस्य(शिक्षक सरस्वती मा.वि.चाभा) |

निर्णय नं. ४ शिक्षा ऐन २०७५ मा परिमार्जन गर्नु पर्ने देखिएकाले परिमार्जनका लागि गाउँकार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं. ५ शिक्षा समिति सदस्य छनोट सम्बन्धमा।

सरुमारानी गाउँपालिकाको समाजसेवी तथा शिक्षाप्रेमी मध्ये महिला सदस्य छनोट गर्न बाँकी रहेकाले सो सदस्यमा वडा नं.५ बाट मीनाकुमारी सोमैलाई छनोट गर्ने निर्णय गरियो।

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकिय अधिकृत

खड्ग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

CamScanner

गणिन्द्रमणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा प्यूठान
लुम्बिनी प्रदेश,नेपाल
२०७३

खड्ग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

निर्णय नं. ६ भीमसेन मा.वि.जस्पुरको प्रधानाध्यापक सम्बन्धमा ।

वडा नं ५ मा रहेको भीमसेन मा.वि.जस्पुरको प्रधानाध्यापक दिलबहादुर कुमालको शैक्षिक,व्यवस्थापकीय र प्राज्ञिक नेतृत्व सन्तोषजनक नभएको भनी बारम्बार गुनासो आएको र सुधारका लागि पटक पटक सुझाव दिंदा समेत सुधार नआएकाले निजको सट्टामा विद्यालयका शिक्षकहरूमध्येबाट प्रधानाध्यापक छनोट गरी जानकारी गराउनका लागि विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ७ उत्कृष्ट विद्यालय,प्रधानाध्यापक,शिक्षक,विद्यालय कर्मचारी र विद्यार्थी पुरस्कृत सम्बन्धमा।

शैक्षिकसत्र २०७८ मा उत्कृष्ट शैक्षिक गुणस्तर/उपलब्धि वृद्धिका लागि योगदान गर्ने विद्यालयमध्ये आधारभूत-१ वटा र माध्यमिक-१ वटा, प्रधानाध्यापकमध्ये आधारभूत-१ जना र माध्यमिक- १ जना ,शिक्षकमध्ये आधारभूत-१ जना र माध्यमिक-१ जना,बालविकास सहजकर्तामध्ये १ जना, विद्यालय कर्मचारीहरूमध्ये १ जना तथा कक्षा ८ र १० मा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थीमध्ये छात्रा/छात्र १/१जना लाई २०७८ भाद्र २३ गते अन्तराष्ट्रिय साक्षरता दिवसको अवसरमा पुरस्कृत गर्ने निर्णय गरियो।

निर्णय नं.८ गाउँपालिका दरबन्दी हेरफेर सम्बन्धमा।

आ.व.२०७७/७८ मा संघीय अनुदान मार्फत माध्यमिक तहमा संघीय स्थायी,राहत अनुदान प्राप्त नगरेका विद्यालयका लागि अंग्रेजी,गणित,विज्ञान शिक्षण सहयोग अन्तर्गत ३ वटा कोटा प्राप्त भए पश्चात् रिक्त ३ वटा गाउँपालिका अनुदान शिक्षक कोटा विद्यार्थी चाप बढी भएका र पर्याप्त शिक्षक दरबन्दी नभएका विद्यालयहरू मध्ये तपसिलका विद्यालयलाई वितरण गर्नका लागि कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो :

१. सरस्वती मा.वि.चाभा ( माध्यमिक शिक्षक,संख्या-१)
२. सत्य मा.वि.ददेरी (माध्यमिक शिक्षक,संख्या-१)
३. श्रमरानी मा.वि.बुढिचौर ( माध्यमिक शिक्षक,संख्या-१)

**निर्णय न. १५ नागरिक आरोग्य केन्द्र स्थापनाको लागी माग गर्ने सम्बन्धमा ।**

यस सरुमारानी गाउँपालिका बाहेक प्यूठान जिल्लाका सबै स्थानीय तहमा आयुर्वेद स्वास्थ्य सेवा संचालन भएको र यस गाउँपालिकामा हाल सम्म आयुर्वेद स्वास्थ्य सेवा संचालन नभएको, जनताको आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न आयुर्वेद पनि वैकल्पिक चिकित्सकको रुपमा रहेको र जनताहरुको पनि आयुर्वेद स्वास्थ्य सेवा तर्फ आकर्षण बढ्दै गएकोले प्यूठान आयुर्वेद स्वास्थ्य केन्द्र मार्फत लुम्बिनी प्रदेश तथा संघीय सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

गणिन्द्रमणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

खड्ग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

CamScanner

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकिय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

**निर्णय न. १६ विविध सम्बन्धमा ।**

➢ **मासिक आयुर्वेदिक स्वास्थ्य क्लिनिक संचालन गर्ने सम्बन्धमा ।**

यस सरुमारानी गाउँपालिका र प्युठान आयुर्वेद स्वास्थ्य केन्द्रको समन्वय र सहकार्यमा आयुर्वेद स्वास्थ्य सम्बन्धि मासिक स्वास्थ्य क्लिनिक संचालनको लागी प्युठान आयुर्वेद स्वास्थ्य केन्द्रलाई अनुरोध गर्ने निर्णय गरियो ।

➢ **नवौ राष्ट्रिय खेलकुद सहयोग सम्बन्धमा ।**

जिल्ला खेलकुद विकास समितिको आयोजनामा संचालन हुने नवौ राष्ट्रिय खेलकुद कार्यक्रममा यस गाउँपालिकाबाट सहभागी हुने खेलाडी तथा ब्यबस्थापकहरुको यातायात, खाना, बास, सामाग्रीहरु लगाएतको खर्चहरुको लागी चालु आ.ब. को बार्षिक कार्यक्रम अन्तर्गत अध्यक्ष कप खेलकुद प्रतियोगिता कार्यक्रम-शिर्षकबाट रु. १ लाख ५० हजार विनियोजन गर्ने निर्णय गरियो ।

➢ **निजामति सेवा दिवशमा कर्मचारी पुरस्कृत गर्ने सम्बन्धमा ।**

निजामति सेवा दिवश २०७९ भाद्र २२ गतेका दिन यस सरुमारानी गाउँपालिका र सो अन्तर्गत कार्यरत कर्मचारी मध्ये राम्रो कार्य सम्पादन गर्ने कर्मचारीहरुलाई पुरस्कृत गर्ने र पुरस्कृत हुने कर्मचारीको छनौट गरी सिफारिस गर्न गाउँपालिका अध्यक्षको संयोजकत्वमा उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत सदस्य रहेको कर्मचारी पुरस्कार समिति गठन गर्ने निर्णय गरियो।

➢ **संचार खर्च सुविधा सम्बन्धमा ।**

यस कार्यालयबाट शाखा प्रमुखको रुपमा कर्मचारीलाई प्रदान गर्दै आईरहेको संचार खर्च मध्ये प्रशासन शाखा प्रमुखको रुपमा काम गर्दै आउनु भएका अधिकृत श्री लक्ष्मण आचार्यले यस कार्यालयका विभिन्न बैठकहरुको ब्यबस्थापन तथा कार्यालयका विभिन्न कामहरुको लागी सम्पर्क गर्नु पर्ने भएकोले निजलाई २०७९ श्रावण महिना देखी रु. २०००/- संचार खर्च सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

➢ **योजना संशोधन सम्बन्धमा ।**

यस गाउँकार्यपालिकाको मिति २०७९/४/६ गते बैठकको निर्णय न. ४ अनुसार यस गाउँपालिकाको विभिन्न सडकहरुको मर्मत संभार कार्य मध्ये वडा न. ४ को बड्डाडा-धनकोट

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकिय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

CamScanner

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकिय अधिकृत

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बडडाँडा प्युठान लुम्बिनी प्रदेश, नेपाल २०७३

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

मो.बा. मर्मत शिर्षकलाई परिबर्तन गरी वडा न. ४ अन्तर्गत विभिन्न सडकहरु मर्मत कार्य भनी संशोधन गर्ने निर्णय गरियो

- **तिज विदा सम्बन्धमा ।**

  यस बर्षको हरितालिका तिज २०७९ को सन्दर्भमा यस गाउँपालिका भित्रका महिला कर्मचारी तथा शिक्षिकाहरुलाई दरखाने दिन २०७९ भाद्र १३ गते सार्वजनिक विदा दिने निर्णय गरियो

- **योजनाको म्याद थप सम्बन्धमा ।**

  सरुमारानी गाउँपालिका वडा न. ६ मा रहेको श्रमरानी मा.वि.को राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत चार कोठे भवन निर्माण योजनाको म्याद २०७९ असोज मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो ।

प्रमाणिकरण मिति २०७९/०५/०६

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकिय अधिकृत

झग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

CS CamScanner